२०८०।२।२४ गते विहान ८ वजे नगर कार्यपालिकाको २२ औ बैठक कार्यसुचि

प्रस्तावहरु

| सि.नं. | प्रस्तावहरु |
|---|---|
| १ | उपभोक्ता समितिवाट कार्यान्वयन हुने योजना सम्झौताको अन्तिम म्याद जेठ २५ गते सम्म थप गर्ने |
| २ | लोडर खरिद शिर्षकमा विनियोन भएको रकम संसोधन गर्ने |
| ३ | घ वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि २०७४ संसोध गरी स्वीकृत गर्ने । |
| ४ | विपद व्यवस्थापन कोषवाट लम्पी स्किन रोग नियन्त्रण गर्न वजेट विनियोज स्वीकृत गर्ने र शिविर सञ्चालन गर्ने |
| ५ | विपद व्यवस्थापन कोषवाट वाढीपहीरोको कारणले क्षतिभएका सिंचाई योजनाको लागि सिंचाई पाईप खरिद गर्ने । |

**निर्णय नं. १** चालु आ.व. २०७९।०८० को लागि नगरसभावाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय उपभोक्ता समितिवाट निर्माण हुने योजनाहरुको योजना निर्माण गर्ने सम्बन्धी सम्झौता गर्ने अन्तिम म्याद २०७९ चैत्र मसान्त सम्म तोकिएकोमा केहि योजनाहरुको सम्झौता हुन नसकेकोले २०८० जेठ २५ गते सम्म अन्तिम पटकका लागि योजना सम्झौता गर्ने मिति तोक्ने र सो मिति भित्र पनि सम्झौता नहुने योजना तथा कार्यक्रमहरु कार्यान्वयन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २** चालु आ.व. २०७९।०८० को लागि नगरसभावाट स्वीकृत रोलर खरिद शिर्षकमा विनियोजन भएको वजेट शिर्षकवाट नगरसभावाट अधिकार प्रत्यायोजन भएको निर्णयानुसार तपसिल वमोजिमको शिर्षकमा वजेट विनियोज गरी संसोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रम | ठेगाना | वजेट विनियोन | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी डिब्रोरिङ्ग थ्रीफेज विद्युतलाईन विस्तार र खानेपानी मर्मत | क.न.पा. २ | ६०००००। | |
| २ | कमलवजार मलि फुर्केसल्ला वयाला सडक मर्मत | क.न..पा. १ र ३ | ५०००००। | |
| ३ | रिफला घोडासैन सडक मर्मत सुधार | क.न.पा. १० | २०००००। | |
| ४ | डुंगाला कालाखोला सडक मर्मत सुधार | क.न.पा. ८ | १०००००। | |
| ५ | वेलखेत सैन खेतमा वाढीले ल्याएको वालुवा हटाउने | क.न.पा. ३ | १०००००। | |
| | जम्मा | | १५०००००। | |

**निर्णय नं. ३** कमलवजार नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी दर्ता सम्वन्धि कार्यविधि २०७५ मा देहाय वमोजिम संसोधन गरी स्वीकृत गर्ने र स्थानीय राजपत्रमा प्रकासित गर्ने निर्णय गरियो ।

| घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि कार्यविधि २०७५ मा रहेको व्यहोरा | घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी संसोधित कार्यविधि २०८० मा संसोधन सहित स्वीकृत भएको व्यहोरो |
|---|---|
| दफा ३ को उपदफा (२) १ बमोजिम ईजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले ईजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र, प्रचलित कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धीत संघीय/प्रदेश/स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकावाट अनुसूची २ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्ने छ । ईजाजतपत्र नविकराण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ४ बमोजिमको पासवुक भरी अधिल्लो आर्थिक बर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको आवधिक विवरण समेत पेश ग गर्नु पर्ने छ । यसरी अनुसूची ४ वमोजिमको पास बुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुने छैन । | दफा ३ को उपदफा (२) १ बमोजिम ईजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले ईजाजत पत्रको अवधि समाप्त भएको ६ महिना भित्र, प्रचलित कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धीत संघीय/प्रदेश/स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकावाट अनुसूची २ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्ने छ । ईजाजतपत्र नविकराण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ४ बमोजिमको पासबुक भरी अधिल्लो आर्थिक बर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको आवधिक विवरण समेत पेश ग गर्नु पर्ने छ । यसरी अनुसूची ४ बमोजिमको पास बुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुने छैन । |

CamScanner

| | |
|---|---|
| (३) उपदफा २ बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रिया पुरा गरी ईजाजतपत्र नविकरण गराउन चाहेने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले ईजाजतपत्र नविकरण गराईदिने छ। | (३) उपदफा २ बमोजिमको म्याद नाघेको ६ महिना भित्र सबै प्रक्रिया पुरा गरी ईजाजतपत्र नविकरण गराउन चाहेने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले ईजाजतपत्र नविकरण गराईदिने छ। ४) उपदफा ३ बमोजिमको म्याद नाघेमा सबै प्रक्रिया पुरा गरी ईजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले ईजाजतपत्र नविकरण गराईदिने छ। |
| दफा ४ को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको ईजाजत पत्र स्वतः खारेज हुने छ। | दफा ४ को उपदफा (३) झिकिएको छ। |

**घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि २०७५ को अनुसूची २ मा भएको व्यहोरा**

| क्र.स. | निर्माण व्यवसायस्को बर्ग | ईजाजत पत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | ८०००। | ५०००। | ५००००। | १०००। |

**घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि २०७५ को अनुसूची २ मा भएको संसोधन भएको व्यहोरा**

| क्र.स. | निर्माण व्यवसायस्को बर्ग | ईजाजत पत्र नया दर्ता दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर पौष मसान्त सम्म | ईजाजतपत्र नविकरण थप दस्तुर प्रत्येक आ.व.को माघ १ देखि असाढ मसान्त सम्म | १ आर्थिक बर्ष भित्रमा नविकरण नभएमा प्रत्येक आर्थिक बर्षमा थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | ८०००। | ६०००। | ६०००। | वार्षिक नविकरण दस्तुर सहित प्रत्येक आर्थिक बर्षमा ननिकरण दस्तुमा १० प्रतिशत जरिवान थप | १०००। |

**निर्णय नं. ४** कमलवजार नगरपालिकाको सबै वडाहरुमा पशु चौपायहरुमा (गाई, भैसी, गोरु) लम्पी स्किन रोग महामारीको रुपमा फैलिएको र तत्काल महामारी तथा रोग नियन्त्रणको लागि पशु स्वास्थ्य शिविर सबै वडामा सञ्चालन गर्नु पर्ने भएकोले विवद व्यवस्थान कोष । प्रकोप व्यवस्थापन शिर्पकवाट रु ९०००००। नौ लाख मात्र पशुस्वास्थ्यको लागि आवश्यक पर्ने औषधी खरिद तथा जनशक्ति परिचालनमाको लागि वजेट विनियोज गर्ने । नगरपालिकाको पशु सेवा शाखामा कार्यरत जनशक्तिले मात्र १० वटै वडाहरुमा सिविर सञ्चालन गर्न कठिनाई भएकोले प्रति वडामा १ जना पशुस्वास्थ्य सम्वन्धी १८ महिने तालिम प्राप्त गरेको प्राविधिक जनशक्तिलाई मिति २०८० जेठ १६ गते देखि ३० गते सम्म बढीमा १५ दिनको लागि मात्र दैनिक ज्यालादारीमा ज्यालारकम भुक्तानी पाउने गरी परिचालन गरिएको हुदा सो को भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** कमलवजार नगरपालिकाकामा मिति २०७९ भाद्र ३१ र असोज २० र २१ गते आएको वाढिपहिरोले नगरपालिकाको १० वटै वडामा रहेका साना ठुलो सिंचाई योजना कुलो पूर्ण तथा आंसिक रुपमा वगाएकोले तत्काल सिचाई कुलो मर्मत नभएमा किसानहरुलाई ठुलो समस्या हुने भएकोले विपद व्यवस्थापन कोषवाट रु १००००००। दश लाख मात्र सिंचाई पाईप खरिदको लागि वजेट विनियोजन गर्ने र कार्यालयवाट मौजुदा सुचिमा रहेको फर्म तथा व्यवसायीवाट दररेट लिई सोझै खरिद प्रक्रियावाट सिंचाई पाईप खरिद गर्ने र नगरपालिकावाट वितरण मापदण्ड तयारी गरी सिचाई पाईप वितरण गर्ने निर्णय गरियो ।

CamScanner

| आ.व. २०७९।०८० | कमलवजार नगर कार्यपालिकाको २२ औ बैठक |
|---|---|

आज मिती ~~२०८०~~ ~~वैशाख २१~~ जेठ २४ गते विहान ११ वजे कमलबजार नगरपालिकाका नगर प्रमुख श्री यज्ञ प्रसाद ढकालज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितीमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स | नाम थर | पद | फो.न | उपस्थिति |
|---|---|---|---|---|
| १ | यज्ञप्रसाद ढकाल | नगर उपमुख | ९८४१३५७५१० | |
| २ | शारदा कुमारी बिष्ट | नगर उपमुख | ९८६८५४५००७ | |
| ३ | भक्त बहादुर बोहरा | वडा अध्यक्ष वडा नं., १ | ९८४८४५९१३३ | |
| ४ | दिर्घा टमट्टा | वडा अध्यक्ष वडा नं., २ | ९८४८५३७६३७ | |
| ५ | नन्द सिंह कुँवर | वडा अध्यक्ष वडा नं., ३ | ९८४१९८२०७७ | |
| ६ | मिन बहादुर साउँद | वडा अध्यक्ष वडा नं., ४ | ९८६४५४८७८७ | |
| ७ | सत्यराज तिमिल्सैना | वडा अध्यक्ष वडा नं. ,५ | ९८४८४७३३१६ | |
| ८ | लाल बहादुर शाह | वडा अध्यक्ष वडा नं., ६ | ९८४८५५०७८५ | |
| ९ | नृप बहादुर बोहरा | वडा अध्यक्ष वडा नं. ,७ | ९८४८६९२०२२ | |
| १० | प्रजा बहादुर बोगटी | वडा अध्यक्ष वडा नं. ,८ | ९८४८४७५२०९ | |
| ११ | कमल प्रसाद वजगाई | वडा अध्यक्ष वडा नं., ९ | ९८४८५५००१८ | |
| १२ | भीम बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ,१० | ९८४८५९९७५९ | |
| १३ | लिलावती विष्ट | कार्यपालिका सदस्य, ५ | ९८२२५७३०३० | लिलावति |
| १४ | धनसरा ढोली | कार्यपालिका सदस्य, ३ | ९७४८७३०४७५ | |
| १५ | जमना कुमारी चलाउने | कार्यपालिका सदस्य, ८ | ९८४५९२५९३२ | |
| १६ | जानकी कुमारी बिष्ट | कार्यपालिका सदस्य, ९ | ९८४८५५४१९० | जानकी |
| १७ | मना वड | कार्यपालिका सदस्य, ९ | ९८६५८२७९६८ | मना |
| १८ | गोविन्द सुनार | कार्यपालिका सदस्य, ७ | ९७४९८५०८५५ | |
| १९ | धन बहादुर कामी | कार्यपालिका सदस्य, १० | ९८४८५८७२४३ | |
| २० | खड्ग बहादुर विष्ट | नि.प्र.प्र.अ. | ९८४८१३३९६१ | |